# जयपृथ्वी नगरपालिका

# आर्थिक ऐन २०७६

### नगरसभाबाट स्वीकृत मितिः२०७६/०३/१५

# जयपृथ्वी नगरपालिकाको आर्थिक ऐन

**जयपृथ्वी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावना :** जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जयपृथ्वी नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्त सम्म नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

३. **भूमि कर (मालपोत) :** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

४. **घर जग्गा बहाल कर:**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड ( छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

**५. व्यवसाय करः** (१)नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ ।इजाजत प्राप्त  व्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (५) मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** (१)नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनसूची (६) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरण :* यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई नगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी  इजाजत दिनेछ ।

**७. सवारी साधन करः**(१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशलेसवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथास्कुटरमा नगरपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (७) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर:**(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन कर:**(१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले अनुसूची (९) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२)उप दफा (१) बमोजिम नगरपालिकालेउठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (१०) बमोजिमको दरमा बहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि नगरपालिकालेत्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमातोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ्ग शुल्कः**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमाअनुसूची (११) मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुरः**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रसञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर,र्‍याफ्टिङ्ग,प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,
(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,
(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,
(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१२) मा उल्लेख भएबमोजिम हुनेछ ।

**१३. विक्री तथा निकासी शुल्क** :(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सिमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१३) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ ।

**१४.घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१५. दण्ड जरिवाना** :(१) नगरपालिकालेनिर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१६. कर छुट** :(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

***स्पष्टीकरण:*** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक गाउँपालिका नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१७. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन :**(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१८.**ठेक्का आह्वान गर्न सक्ने :**(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

१९. **सहयोग गर्नुपर्ने :**संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२०. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२१. **कार्यविधि बनाउन सक्ने :**(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२२. **प्रचलित कानुन बमोजिम हुने :**यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची १

(ऐनको दफा २ को उपदफा(२) संग सम्बन्धित)

## सम्पत्ति करको दर

| करयोग्यसम्पत्तिको मूल्य | करको दर (वार्षिक) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ५०। |
| छ लाखदेखि दश लाख रुपैयाँसम्म | प्रति लाख रु १३। |
| एघारलाखदेखि पचासलाखसम्म | प्रतिलाख रु १५। |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु १६। |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु १७। |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु १८। |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु १९। |
| पाँच करोड एक लाख रुपैयाँदेखि दश करोड रुपैयाँसम्म | प्रति लाख रु २०। |
| दश करोड एक लाख देखि पच्चीस करोड रुपैयाँसम्म | प्रति लाख रु २१। |
| पच्चीस करोड रुपैयाँभन्दा बढी | प्रति लाख रु २२। |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

## घर,संरचना,टहरा आदिको मुल्यांकन दर

| क्रम संख्या | बिबरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | आर सि सि फ्रेम स्टक्चर प्रति बर्गफिट | १३००। | |
| २ | सिमेन्ट जोडाइमा ढुंगा वा इटाको गारो आरसिसि छाना प्रति बर्गफिट | १०००। | |
| ३ | माटोको जोडाइमा आरसिसि छाना वा सिमेन्ट जोडाइमा जस्ता टायल,स्लेटको छाना प्रति बर्गफिट | ८००। | |
| ४ | माटोको जोडाइमा जस्ता,टायल, स्लेट वा फुसको को छाना प्रति बर्गफिट | ४५०। | |
| ५ | सेड,खोका वा कच्ची घर एकमुष्ठ | ५००००। | |

**संरचनाको ह्रासकट्टीब दर निम्नानुसार निर्धारण गरियो**

| सि.न | संरचनाको किसिम/आयु | आर सि सि फ्रेम स्टक्चर | सिमेन्टको जोडाईमा ढुङ्गा वा ईटाको गारो आर सी सी छाना | माटोको जोडाईमा आर सि सि छना वा सिमेन्टको जोडाईमा जस्ता टायल,स्लेटको छाना प्रति बर्गफिट | माटोको जोडाइमा जस्ता,टायल,स्लेट वा फुसको छाना प्रति बर्गफिट | सेड, खोका वा कच्ची बर एकमुष्ट |
|---|---|---|---|---|---|---|
| १ | १ देखि ३ बर्ष | ६ प्रतिशत | ९ प्रतिशत | १२ प्रतिशत | १५ प्रतिशत | २० प्रतिशत |
| २ | ४ देखि ६ बर्ष | १२ प्रतिशत | १८ प्रतिशत | २४ प्रतिशत | ३० प्रतिशत | ४० प्रतिशत |
| ३ | ७ देखि ९ बर्ष | १८ प्रतिशत | २७ प्रतिशत | ३६ प्रतिशत | ४५ प्रतिशत | ६० प्रतिशत |
| ४ | १० देखि १२ बर्ष | २६ प्रतिशत | ३६ प्रतिशत | ४८ प्रतिशत | ६० प्रतिशत | ८० प्रतिशत |
| ५ | १३ देखि १५ बर्ष | ३६ प्रतिशत | ४५ प्रतिशत | ७२ प्रतिशत | ७५ प्रतिशत | ९० प्रतिशत |
| ६ | १६ देखि १८ | ४५ प्रतिशत | ५४ प्रतिशत | ८२ प्रतिशत | ९० प्रतिशत | ९० प्रतिशत |
| ७ | १९ देखि माथि | ९० प्रतिशत | ९० प्रतिशत | ९० प्रतिशत | ९० प्रतिशत | ९० प्रतिशत |

## अनुसूची २

(ऐनको दफा ३ संग सम्बन्धित)

## भूमीकर (मालपोत) को दर

१. मालपोत : सम्पत्ति कर लागु भएपछि नलाग्ने ।

| .... रोपनी भन्दा कम क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी | | | | |
|---|---|---|---|---|
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | | | | |
| पाखो/बारी | | | | |
| .... रोपनी/विगाह देखि ........रोपनी/विगाहसम्मको क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी/विगाह | | | | |
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | | | | |
| पाखो/बारी | | | | |
| .... रोपनी/विगाहभन्दा बढी क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी/विगाह | | | | |
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | | | | |
| पाखो/बारी | | | | |

२. भूमि कर

भूमिको उत्पादकत्व वा व्यापारिक, आवासीय, कृषि, वन पाखो वा बगर आदिउपयोगिताका आधारमा

| **जग्गाको किसिम** | **भूमीकर प्रति रोपनी/कठ्ठा रु** |
|---|---|
| व्यापारिक | |
| आवासिय | |
| कृषि | |
| बन, पाखो वा बगर | |

द्रष्टव्य :

(१) नापी सम्पन्न भई नसकेका र मालपोत ऐन, २०३४ लागू नभएका क्षेत्रका जग्गाको हकमा नापी हुनुभन्दा अघिको कित्ताको आधारमाप्रति कित्ता रु .......का दरले भूमीकर/मालपोत लिइनेछ ।

(२) चिया, रवर खेती र निजी वन लगाएको जग्गाको मालपोत दर सम्बन्धित जग्गारहेको किसिम अनुसारको दरमा .....प्रतिशत छुट गरी लिइनेछ ।

(३) मालपोत वा भूमिकरको कूल रकम वार्षिक ......रुपैयाँभन्दा कम हुनेभएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर ....... रुपैयाँ कायम गरिनेछ।

(४) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

## अनुसूची ३

(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

## घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा १० प्रतिशतका दरले बहाल कर लिइने

## अनुसूची ४

(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)

## व्यबसायइजाजत (दर्ता नबिकरण) दस्तुरको दर

| **क्रम संख्या** | **व्यबसायको किसिम** | **दस्तुर रकम रु** | **कैफियत** |
|---|---|---|---|
| | घ बर्गको इजाजत पत्र अनुमती दस्तुर | १०००। | रु २०००।थप नगरबिकास शुल्क लाग्ने |
| | घ बर्गको इजाजत पत्र अनुमती प्रतिलिपी | ५००। | |
| | घ बर्गको इजाजत पत्र अनुमतीको नाउसारी तथा ठाउसारी | १०००। | |
| | घ बर्गको इजाजत पत्र नवीकरण दस्तुर(असोज मसान्तभित्र) | १०००। | रु २०००।थप नगरबिकास शुल्क लाग्ने |
| | घ बर्गको इजाजत पत्र नवीकरण दस्तुर(चैत्र मसान्तभित्र) | २०००। | रु २०००।थप नगरबिकास शुल्क लाग्ने |

**अनुसूची ५**

(ऐनको दफा ५ को उपदफा(५) संग सम्बन्धित)

## ब्यबसायकरको दर

| क्रम संख्या | व्यबसायको किसिम | व्यबसाय कर रकम रु | कैफियत |
|---|---|---|---|
| क | रु. ३ लाखको कारोवार गर्ने व्यवसायीलाई सिफारिस शुल्क | ५०० | |
| ख | रु. ३ लाखमाथि देखि १० लाख सम्मको कारोवार गर्ने व्यवसायीलाई सिफारिस शुल्क | ७०० | |
| ग | रु. १० लाख भन्दा बढी सम्मको कारोवार गर्ने व्यवसायीलाई सिफरिस शुल्क | १५०० | |
| घ | पटके ब्यापारी कर प्रतिपटक | २०० | |
| **२५** | **ब्यबसाय कर** | | |
| **१** | **ब्यापारिक बस्तु** | | |
| ***१.१*** | ***ज्वेलरी(गहना पसल),भिडियो, क्यासेट, रिकर्डर तथा प्लेयरको ब्यापारमा*** | | |
| क | खुद्रा ब्यापार प्रति बर्ष | १५०० | |
| ख | थोक ब्यापारमा प्रति बर्ष | ५००० | |
| **१.१.१** | **होटल व्यवसाय** | | |
| क | साना चियाहोटलहरु | १००० | |
| ख | मझौला होटलहरु | १५०० | |
| ग | ठुलाखाले होटलहरु | ३००० | |
| **१.१.२** | **मदिरा व्यवसाय नवीकरण** | | |
| क | खुद्रा व्यापार प्रति बर्ष | ५००० | |
| ख | थोक व्यापार प्रति बर्ष | १०००० | |
| **१.२** | **कम्प्युटर, बिद्युत सामान,क्यामेरा,टेलिभिजन,रेडियो,पेट्रोलियम पदार्थ जस्ता बस्तुको ब्यापारमा** | | |
| क | खुद्रा ब्यापार प्रति बर्ष | १००० | |
| ख | थोक ब्यापारमा प्रति बर्ष | ३००० | |
| **१.३** | **फेन्सी स्टोर आदिको ब्यापारमा** | | |
| क | खुद्रा ब्यापार प्रति बर्ष | २५०० | |
| ख | थोक ब्यापारमा प्रति बर्ष | ५००० | |
| **१.४** | **सवारी साधन बिक्रेता** | | |
| क | खुद्रा ब्यापार प्रति बर्ष | १५०० | |
| ख | थोक ब्यापारमा प्रति बर्ष | ३००० | |

| | | | |
|---|---|---|---|
| **१.५** | **फुटपात व्यापारी प्रति महिना** | **२००** | |
| **१.६** | **घुमन्ते व्यापारी प्रति महिना** | **५००** | |
| **१.७** | **घुमन्ते थोक विक्रेता (Retiling) प्रति महिना** | **१०००** | |
| **१.८** | **मालवहाक ट्रक प्रति पटक** | **५००** | |
| **१.९** | **मिनी ट्रक प्रति पटक** | **३००** | |
| **१.१०** | **जीप प्रति पटक** | **२००** | |
| **१.११** | **दैनिक उपभोगका खाद्य पदार्थ व्यापारमा** | | |
| क | खुद्रा व्यापार | १००० | |
| ख | थोक व्यापार | २००० | |
| **१.१२** | **हार्डवेयर निर्माण सामाग्री** | | |
| क | खुद्रा व्यापार | ३००० | |
| ख | थोक व्यापार | ५००० | |
| १.१३ | कुटानी पिसानीउद्योग प्रति बर्ष | १००० | |
| १.१४ | कुटानी पिसानी चिरानी प्रति बर्ष | २००० | |
| २ | **बिशेषज्ञ परामर्श तथा अन्य ब्यबसायिक सेवा ।** | | |
| २.१ | चिकित्सक प्रति बर्ष | २००० | |
| २.२ | कबिराज प्रति बर्ष | १५०० | |
| २.३ | ईन्जिनियर प्रति बर्ष | १५०० | |
| २. ४ | कानुनी ब्यबसायी प्रति बर्ष | १००० | |
| २.५ | लेखापरीक्षक प्रति बर्ष | १००० | |
| २.६ | दन्त चिकित्सक प्रति बर्ष | १५०० | |
| २.७ | अनुसन्धानकर्ता तथा परामर्शदाता प्रति बर्ष | १००० | |
| २.८ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर प्रति बर्ष | १००० | |
| २.९ | बिमा एजेन्ट प्रति बर्ष | १००० | |
| २.१० | सर्भेयर प्रति बर्ष | १००० | |
| २.११ | अनुबादक प्रति बर्ष | १००० | |
| २.१२ | पशु चिकित्सक प्रति बर्ष | १००० | |
| २.१३ | शेयर दलाल प्रति बर्ष | १००० | |
| २.१४ | सामान ढुवानीकर्ता तथा कम्पनी प्रति बर्ष | २००० | |
| २.१५ | व्यक्तिगत पेन्टर प्रति बर्ष | ५०० | |
| २.१६ | संस्थागत पेन्टर प्रति बर्ष | ५००० | |
| **३** | **निर्माण ब्यबसाय दर्ता/सिफारिस** | | |

| | | | |
|---|---|---|---|
| १ | ग वर्ग  प्रति बर्ष | ३००० | |
| २ | ख वग प्रति वर्ष | ५००० | |
| ३ | क वर्ग प्रति वर्ष | १०००० | |
| ४ | **उत्पादन मुलक उद्योग :** | | |
| | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग ब्यबसायमा प्रति बर्ष | २००० | |
| **५** | **उर्जामुलक** | | |
| | जलश्रोत, बायु, सौर्यशक्ति, कोइला, प्ाकृतिक तेल,ग्यास, बायो ग्यास तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग ब्यबसायमा प्रति बर्ष | २००० | |
| ६ | **कृषि,पशु तथा बनजन्य उद्योग :** | | |
| क | कृषिजन्य उद्योग : | २००० | |
| ख | बनजन्य उद्योग : | २५०० | |
| ग | पशु तर्फ प्रति वर्ष | २००० | |
| **७** | **खानीज उद्योग : खनीज उत्खन वा प्रशोधन गर्ने उद्योग ब्यबसायमा  प्रति बर्ष** | **१५००** | |
| **८** | **पर्यटन उद्योग** : पर्यटक, आवास, मोटेल,होटेल,रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी,स्कीइङ, ग्लाइडिङ,वाटर र्‍याफ्टीङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर, ब्यालुनिङ, प्यारा सेलिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण आदि उद्योग ब्यबसायमा प्रति बर्ष | १००० | |
| **९** | **सेवा उद्योग** : छापाखाना,परामर्स सेवा,जिनिङ तथा बुलिङ ब्यबसाय, चलचित्र ब्यबसाय, सार्बजनिक  परिबहन ब्यबसाय,फोटोग्राफी,प्रयोगशाला,हवाई सेवा, शीत भण्डार आदि उद्योग ब्यबसायमा प्रति बर्ष | १००० | |
| **१०** | **निर्माण उद्योग :** सडक, पुल, रोपवे, रेलवे, ट्रलिबस, टनेल, फ्लाइङ ब्रिज तथा औद्योगिक, ब्यापारीक एवं आवास कमप्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग ब्यबसायमा प्रति बर्ष | ५००० | |
| **११** | **संचार सेवा :** | | |
| ११.१ | निजी क्षेत्रको हुलाक सेवा प्रति बर्ष. | ५०० | |
| ११.२ | निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन आइएसडी, एसटीडी, ईमेल, ईन्टरनेट, रेडियो पेजिङ आदिमा  प्रति बर्ष. | ५०० | |
| ११.३ | कुरियर सेवा : प्रति बर्ष. | ५०० | |
| ११.४ | छपाइ तथा प्रकाशन : प्रति बर्ष | १००० | |
| ११.५ | स्टेशनरी तथा पुस्तकालय पसल प्रति बर्ष | १००० | |

| | | | |
|---|---|---|---|
| **११.६** | **एफ.एम. रेडीयो शुल्क** | | |
| क | निवेदन दस्तुर | १०० | |
| ख | इजाजत पत्र दस्तुर | १००० | |
| ग | नविकरण दस्तुर | २००० | |
| घ | विवरण संसोधन दस्तुर | १००० | |
| ङ | विवरण बदल्ने दस्तुर | ५०० | |
| च | प्रतिलिपी दस्तुर | ५०० | |
| छ | दण्ड जरिवाना दस्तुर | १००० | |
| **१२** | **बित्तिय सेवा :** | | |
| १२.१ | **नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक ।** | | |
| क | क वर्ग बैंक प्रति वर्ष | ५००० | |
| ख | ख वर्ग बैंक प्रति वर्ष | ४००० | |
| ग | ग र घ वर्ग बैंक प्रति वर्ष | ३००० | |
| घ | सहकारी प्रति वर्ष | २००० | |
| १२.२ | आर्थिक कारोबार समेत गर्ने बित्तिय कम्पनीको मुख्य कार्यालय प्रति बर्ष. | ५००० | |
| १२.३ | बित्तिय कम्पनी शाखा कार्यालय प्रति बर्ष | २००० | |
| १२.४ | बिमा कम्पनी प्रति बर्ष. | ५००० | |
| १२.५ | बिदेशी मुद्रा सटही प्रति बर्ष | १००० | |
| १२.६ | धितोपत्र कारोबार प्रति बर्ष. | १००० | |
| १२.७ | Money Transfar IME प्रति बर्ष | १५०० | |
| **१३** | **स्वास्थ्य सेवा :** | | |
| १३.१ | गैर सरकारी अस्पताल प्रति बर्ष. | ५००० | |
| १३.२ | नर्सिङ होम प्रति बर्ष | ४००० | |
| १३.३ | क्लिनिक तथा ल्याब प्रति बर्ष | २५०० | |
| १३.४ | मेडिकल प्रति वर्ष | २००० | |
| १३.५ | चस्मा पसल प्रति बर्ष | १००० | |
| **१४** | **शिक्षा सेवा :** | | |
| १४.१ | **निजी क्षेत्रका स्कुल, क्याम्पस,बिश्वबिद्यालय दर्ता तथा नविकरण** | | |
| क | प्रा.वि. प्रति वर्ष (१-५) | ३००० | |
| ख | नि.मा.वि. प्रति वर्ष (१-८) | ५००० | |
| ग | मा.वि. प्रति वर्ष (१-१०) | ७००० | |
| घ | क्याम्पस प्रति वर्ष (१-१२) | १०००० | |

| | | | |
|---|---|---|---|
| १४.२ | तालिम तथा अनुसन्धान केन्द | १००० | |
| १४.३ | टाइपिङ, कमप्युटर तथा भाषा प्रशिक्षण संस्था प्रति बर्ष | २००० | |
| १४.४ | अन्तराष्ट्रिय गैर सरकारी संस्था प्रति बर्ष | ५००० | |
| १४.५ | राष्ट्रिय गैर सरकारी संस्था  प्रति वर्ष | १००० | |
| १४.६ | ट्यूसन तथा कोचीङ्ग सेन्टर प्रति बर्ष | १५०० | |
| **१५** | **मर्मत सम्भार सेवा :** | | |
| १५.१ | हेभी ईक्विपमेन्ट बस, ट्रक, कार, मोटर साइकल, टेम्पो,साइकल मर्मत कारखाना प्रति बर्ष | २५०० | |
| १५.२ | रेडियो, टी.भी., घडी, प्रेसर कुकर, हिटर, टेलीफोन सेट, बिद्युत सामग्री मर्मत केन्द प्रति बर्ष | १००० | |
| **१६** | **अन्य सेवा :** | | |
| १६.१ | **बिज्ञापन सेवा :** प्रति बर्ष | १००० | |
| १६.२ | बैदेशिक रोजगार सेवा | २००० | |
| १६.३ | स्वदेशी रोजगार सेवा प्रति बर्ष | १००० | |
| १६.४ | सेक्रेटेरियल सेवा प्रति बर्ष | १००० | |
| १६.५ | हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री (रियल स्टेट) प्रति बर्ष | २५०० | |
| १६.६ | ब्युटी पार्लर, केश श्रृगार, ड्राइ क्लिनर्स, आदि प्रति बर्ष | १००० | |
| १६.७ | साइनबोर्ड बनाउने पेन्टिङ सेवा | १००० | |
| १६.८ | पशु बधशला प्रति बर्ष | १५०० | |
| १६.९ | फ्रेसहाउस प्रति बर्ष | १५०० | |
| १६.१० | फुल र बिरुवा बिक्रेता प्रति बर्ष | ५०० | |
| १६.११ | पुल हाउस प्रति बर्ष | २००० | |
| १६.१२ | खोटो ब्यबसायी प्रति बर्ष | ५०० | |
| १६.१३ | सिसा प्लाइउड बिक्रेता प्रति बर्ष | १००० | |
| १६.१४ | भाडाकुडा बिक्रेता प्रति बर्ष | | |
| | खुद्रा बिक्रेता | १५०० | |
| | थोक बिक्रेता | ३००० | |
| १६.१५ | स्टिल,काठ,फर्निचर बिक्रेता प्रति बर्ष | १५०० | |
| १६.१६ | खेलौना,उपहार बिक्रेता प्रति बर्ष | १००० | |
| १६.१७ | केबुल नेटवर्किङ(ग्राहक संख्याको आधारमा) प्रति बर्ष | ५००० | |
| **१७** | **अन्य ब्यबसाय :** | | |
| १७.१ | पार्क,पिकनिकस्पट प्रति बर्ष | १००० | |
| १७.२ | क्यासिनो प्रति बर्ष | ५०००० | |

| | | | |
|---|---|---|---|
| १७.३ | टुरअपरेटर प्रति बर्ष | २५०० | |
| १७.४ | मसाज पार्लर प्रति बर्ष | १००० | |
| १८ | सिलाई पसल प्रति बर्ष | ५०० | |
| १९ | एग्रोभेट प्रति बर्ष | १००० | |
| **२०** | **विद्युत सिफारिस** | | |
| क | संस्थागत/उद्योग तर्फ | १००० | |
| ख | व्यक्तिगत तथा घरायसी | ५०० | |
| २१ | ग्याँस डिलर | १५०० | |
| २२ | मैनबत्ति उद्योग | १००० | |
| २३ | पाउरोटी तथा बेकरी उद्योग | १००० | |
| २४ | हातेहोजियारी | १००० | |
| २५ | ग्रील उद्योग | २००० | |
| २६ | फोटो स्टुडीयो | १००० | |
| २७ | सोलार पसल | १००० | |
| २८ | खानेपानी मुहान दर्ता सिफारिस | १००० | |
| २९ | आयल स्टोर्स | २००० | |
| ३० | अमिन खटिगएको दस्तुर | १००० | |
| ३१ | जेनेटर भाडा दस्तुर | १००० | |
| ३३ | पोल्टी फर्म, सुगुर बंगुर फर्म,अण्डा।चल्ला उत्पादन केन्द्र  प्रति बर्ष | २००० | |
| ३४ | जुत्ता सिलाई **तथा मर्मतपसल** प्रति बर्ष | ८५० | |
| ३५ | डिजाइनर सिलाई सेन्टर  प्रति बर्ष | १००० | |
| ३६ | इन्जिनियरि  कन्सल्टेन्सी फर्म प्रति बर्ष | १००० | |
| ३७ | इन्जिनियरि   सर्भिसेज प्रा.लि. प्रति बर्ष | २००० | |
| ३८ | **तरकारी पसल** | | |
| क | खुद्रा प्रति बर्ष | १५०० | |
| ख | थोक प्रति बर्ष | २००० | |
| ३९ | दुधडेरी उद्योग प्रति बर्ष | १००० | |
| ४० | व्यवसाय नामसारी, ठाउँसारी, | १००० | |
| ४१ | मोबाईल पसल (बिक्री तथा मर्मत) प्रति बर्ष | २५०० | |
| ४२ | मोबाईल बिक्री पसल प्रति बर्ष | १५०० | |
| ४३ | हेयरकटिङ्ग पसल दर्ता तथा नविकरण प्रति बर्ष | १००० | |

**अनुसूची ६**

(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)

## जडिबुटी, कवाडी, जीवजन्तु करको दर

| क्र. सं | करको किसिम | करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| **क)** | **ऊन, खोटो, जडिबुटी, वनकस** | | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के.जी. | ०।५० | |
| २. | खोटो निकासी प्रति के.जी. | ।५० | |
| ३ | अल्लो, भांग्रा,नेपाली कागज निकासी | ५। | |
| ४ | अल्लो, भांग्रोका पाखी निकासी प्रति पाखी रु | ७। | |
| ५ | यार्सागुम्बा निकासी प्रतिकिलो | ५०००। | |
| ६ | काठ निकासी प्रति ट्रक(जिल्ला बन कार्यालयको चलानकि आधारमा) | २००। | |
| ७ | जटिबुटीहरु (कटुकि जरा,सतुवा जरा,जटामसी,बन लसुन,रातो च्याउ,सुगन्धवाल,चिराइतो) प्रति के.जी. | ६। | |
| ८ | अन्य जडीबुटी प्रति केजि | ०।५० | |
| ९ | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो) प्रति के.जी. | ।५० | |
| **ख)** | **कवाडी मालसामान .** | | |
| १. | खाली सीसी (वियर) वोतलको साइज हेरी प्रति गोटा | **०।२५** | |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | **०।२५** | |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रति गोटा | **०।२५** | |
| ४. | प्लाष्टिक (बोतल, भा“डाकु“डा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रति के.जी | **०।५०** | |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यँन्न अ“ट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अ“ट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअ“ट्ने जुटका बोराप्रभित | **०।२५**<br>**०।२५**<br>**०।५०** | |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अ“ट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अ“ट्ने सानो प्रभित गोटा | **०।५०**<br>**०।२५** | |
| ७. | **पुनः प्रशोधन (रिसाइकलि॰) गरी पुनः प्रयोग हुन सक्ने** | | |
| ८ | झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी | **०।२५** | |

| | | | |
|---|---|---|---|
| ९ | गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी. | ०।२५ | |
| १० | जलेको मोविल प्रति लिटर | ०।२५ | |
| ११ | जुट र प्लाष्टिकका बोरा प्रति के.जी.<br>कार्पेटका टुक्रा प्रति के.जी. | ०।२५ | |
| १२ | टायरट्यूब प्रति के.जी. | ०।५० | |
| १३ | थोत्रो टिन प्रति के.जी.<br>पुरानो ड्रम प्रति के.जी. | ०।२५ | |
| १४ | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी.<br>पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी. | ०।२५<br>०।२५ | |
| १५ | धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु सामानहरू | | |
| | (क) फलाम प्रति के.जी. | ०।५० | |
| | (ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी. | १। | |
| | (ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी.<br>पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी. | १। | |
| | सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी. | ०।५० | |
| | घ) का“चको धुलो र टुक्रा प्रति के.जी. | ०।५० | |
| १६ | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला** | | |
| | हा“स, कुखुरा जस्ता पंछीहरूको प्वा“ख प्रति के.जी. | १। | |
| | हाड प्रति के.जी. | १। | |
| | सिंग प्रति के.जी. | १। | |
| | खूर प्रति के.जी. | १। | |
| | छाला (ठूलो) प्रति गोटा | २० | |
| | छाला (सानो) प्रति गोटा | १० | |

**अनुसूची ७**

(ऐनको दफा ७ को उपदफा(२) संग सम्बन्धित)

## सवारी साधन करको दर

| क.स. | सवारी साधनको किसिम | वार्षिक करको दर (रकमरु) | कैफियत |
|---|---|---|---|
| १. | टाँगा | ० | |
| २. | रिक्सा | २४०। | |
| ३. | अटोरिक्सा | ३००। | |
| ४. | विद्युतीय रिक्सा तथा स्कुटर | ३००। | |

**अनुसूची ८**

(ऐनको दफा ८ को उपदफा(१) संग सम्बन्धित)

## विज्ञापन करको दर

| **विज्ञापन सामग्रीको किसिम** | **करको दर (रकम रु)** |
|---|---|
| ग्लो साइन बोर्ड, डिपिएस बोर्ड प्रति वर्ग फिट | **५०** |
| वालपेन्ट विज्ञापन प्रति वर्ग फिट | **२५** |
| व्यानर बढीमा एक महिनाको लागि प्रतिगोटा | **१००** |

**अनुसूची ९**

(ऐनको दफा ९ को उपदफा(१) संग सम्बन्धित)

## मनोरञ्जन करको दर

| **क.स.** | **मनोरञ्जन व्यबसायको किसिम** | **वार्षिक करको दर (रकम रु)** | **कैफियत** |
|---|---|---|---|
| १. | सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, | प्रबेश शुल्को पाँच प्रतिशत | |
| २. | जादू, सर्कस, चटक | दैनिक पाँच सय | |

**अनुसूची १०**

(ऐनको दफा १०को उपदफा(१) संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर

| **क.सं.** | **सम्पत्तिको किसिम** | **शुल्कको दर (रकम रु)** | **कैफियत** |
|---|---|---|---|
| १. | आफुले निर्माण गरेका वा आफ्नो | | |
| | स्वामित्वमा रहेका | | |
| | क) भवन प्रति कोठा/सटर | | |
| | ख) जग्गा प्रति कठ्ठा/रोपनी | | |
| | ग) अन्य सम्पत्ति | | |
| २. | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, | | |
| | ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका | | |
| | क) अस्थाई टहरा प्रति गोटा | | |
| | ख) छाप्रा प्रति गोटा | | |

| | | | |
|---|---|---|---|
| | ग) पसल प्रति गोटा | | |
| | घ) आवास प्रति बर्गफीट | | |
| | | | |
| ३. | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण अनुसार प्रति पसल | | |
| ४. | अन्य | | |

## अनुसूची ११

(ऐनको दफा ११को उपदफा(१) संग सम्बन्धित)

## पार्किङ्ग शुल्कको दर

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क प्रति घण्टा (रु) | कैफियत |
|---|---|---|---|
| १. | तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने | | |
| | क) बस, मिनीबस | | |
| | ख) ट्रक, ट्याक्टर | | |
| | ग) जीप, कार, भ्यान | | |
| | घ) मोटरसाईकल | | |
| | ङ) साइकल | | |
| | च) गाडा (गोरु वा अन्य) | | |
| २. | बस पार्कमा पार्किङ्ग गरिने | | |
| | क) बस, मिनीबस | | |
| | ख) ट्रक, ट्याक्टर | | |
| | ग) जीप, कार, भ्यान | | |
| ३. | अन्य सवारी | | |

**अनुसूची १२**

(ऐनको दफा १२ को उपदफा(१), (२) र (३) संग सम्बन्धित)

## सेवा शूल्क, दस्तुरको दर

| क्र. सं. | सेवा वा व्यबसायको किसिम | रकम रु | कैफियत |
|---|---|---|---|
| क) | **सेवा शुल्क** | | |
| १. | नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी देहायका सेवा वा व्यवसाय : | | |
| | क) केबलकार | | |
| | ख) ट्रेकिङ्ग | ५०० | |
| | ग) कायाकिङ्ग | | |
| | घ) क्यानोनिङ्ग | | |
| | ङ) बञ्जी जम्प | | |
| | च) जिपप्लायर | | |
| | छ) ऱ्याफ्टिङ्ग | १००० | |
| | ज) प्याराग्लाइडिङ्ग | | |
| | | | |
| | | | |
| २. | नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा : | | |
| | क) खानेपानी | | |
| | ख) विजुली | | |
| | ग) अतिथि गृह, चमेनागृह | | |
| | घ) धर्मशाला | | |
| | ङ) पुस्तकालय | | |
| | च) सभागृह | | |
| | छ) फोहोरमैला व्यबस्थापन | | |
| | ज) **सरसफाई** | | |
| | सडकका मुख्य होटल/पसल मासिक | ५०० | |
| | सडक संगै जोडीएर बनेका मझौला घर मासिक | ४०० | |
| | गल्लि/होटलका घरको मासिक | १०० | |
| | झ) ढल निकास | | |
| | ञ) सडक बत्ती | | |
| | ट) शौचालय | | |
| | ठ) पार्क | | |
| | ड) स्नानगृह | | |
| | ढ) पौडी पोखरी | | |
| | ण)व्यायामशाला | | |

| | | | |
|---|---|---|---|
| | त)गेष्टहाउस | | |
| | थ) पर्यटकीय स्थल | | |
| | द) छात्रावास | | |
| | ध) हाटबजार | | |
| | न) पशु बधशाला | | |
| | प) शबदाहगृह | | |
| | फ) धोवीघाट | | |
| | ब) सडक | | |
| | भ) बस पार्क | | |
| | म) पुल | | |
| | य) त्यस्तै अन्यसेवासुविधा | | |
| ३. | ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क | | |
| **ख)** | **दस्तुर** | | |
| १. | क) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन दस्तुर | | |
| | ख) नक्सा पास निवेदन दस्तुर | | |
| | ग) अन्य सबै प्रकारका निबेदन दस्तुर | | |
| | | | |
| | **घ) घर नक्शापास दस्तुर** | | |
| | **पक्की** | | |
| | **चैनपुर बजारभित्रका भवन को १ बर्गफिट बराबर** | | |
| | सरकारी भवन | २५ | |
| | गैर सरकारी भवन | १० | |
| | **तमैल बजारदेखि राजमार्गको दायाबाया १०० मिटरभित्र बनाईने भवनको प्रति बर्गफिट बराबर** | | |
| | सरकारी भवन | २५ | |
| | गैर सरकारी भवन | १० | |
| | अन्य गाउ बस्तीका भवनको १ बर्गफिट बराबरको | ५ | |
| | **कच्ची** | | |
| | **चैनपुर बजारभित्रका भवनको प्रति तला** | | |
| | स्लेटले छाएको | १०००। | |
| | टिनका खोका | ३००। | |
| | **तमैल बजारदेखि राजमार्गको दायाबाया १०० मिटरभित्र बनाईने भवनको प्रति तला** | | |
| | स्लेटले छाएको | ८०० | |
| | अन्य गाउ बस्तीका भवनको | ५००। | |
| | **घर अभिलेखीकरण(भवन आचार संहिता नक्शापास २०७२ भन्दा अगाडी बनेका घर )** | | |
| | **पक्की घर** | | |
| | **चैनपुर बजारभित्रका भवन को १ बर्गफिट बराबर** | १०। | |

| | | | |
|---|---|---|---|
| | **तमैल बजारदेखि राजमार्गको दायाबाया १०० मिटरभित्र बनाईने भवनको प्रति १ बर्गफिट बराबर** | ८। | |
| | अन्य गाउ बस्तीसरका भवनको १ बर्गफिट बराबरको | ६। | |
| | **कच्ची घर** | | |
| | **चैनपुर बजारभित्रका भवनको प्रति तला** | १०००। | |
| | **तमैल बजारदेखि राजमार्गको दायाबाया १०० मिटरभित्र बनाईने भवनको प्रति तला** | ५००। | |
| | अन्य गाउ बस्तीका भवनको | २५०। | |
| | घ) नक्सा नामसारी | | |
| | ङ) सर्जमिन | | |
| | च) घर निर्माण सम्पन्न प्रमाणपत्र | | |
| | छ) मिलापत्र दस्तुर | | |
| | ज) मोहि नामसारी सिफारिश दस्तुर | | |
| | झ) संस्था दर्ता सिफारिश दस्तुर | १०००। | |
| | ञ) मदिरा पसल सिफारिस दस्तुर | २५०००। | |
| | मदिरा पसल नाउसारी,ठाउसारी दस्तुर | २५०००। | |
| २. | **अन्य सिफारिश,प्रमाणित दस्तुर तथा सेवा शुल्क** | ५०० | |
| | | | |
| | | | |
| | नाता प्रमाणित | १७५ | |
| | जन्म,मृत्यु,बिबाह,बसाइ सराइ | ५०। | |
| | | | |
| | नागरिकता सिफारिश | ५०। | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | **योजना निर्माण कार्य सम्पन्न सिफारिस(बाह्य)** | ५०० | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | बैंक खाता सञ्चालन दस्तुर(आन्तरिक तथा बाह्य) | १०० | |
| | **योजना निर्माण कार्य सम्पन्न सिफारिस(आन्तरिक)** | | |
| | बाह्य | २०० | |
| | आन्तरीक | २०० | |

| | | | |
|---|---|---|---|
| | ज) जग्गा नामसारी | ५००। | |
| | मुचुल्का प्रमाणित | १५००। | |
| | साधारण मुचुल्का प्रमाणित | १००। | |
| | झ) नाम, थर संशोधन | १००। | |
| | ञ) घर कायम | २००। | |
| | ट) विद्युत, टेलिफोन तथा धारा जडान सिफारिश | १००। | |
| | ठ) बैदेशिक प्रयोजनका लागि नाता प्रमाणित | ३००। | |
| | ड) बसोवास प्रमाणित | २००। | |
| | बैदेशिक प्रयोजनका लागि करचुक्ता सिफारिस | ५००। | |
| | बैदेशिक प्रयोजनका लागि आम्दानी प्रमाणित | **१५००** | |
| | **घरजग्गा मुल्यांकन** | **१०००** | |
| | **चार किल्ला प्रमाणित** | ५०० | |
| | व्यक्तिगत घटना दर्ता बिलम्व शुल्क | ५०। | |
| | अन्य प्रमाणित तथा सेवाशुल्क | ५०० | |
| ३. | **दर्ता, अनुमति नविकरण दस्तुर** | | |
| | | | |

**अनुसूची १३**

(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)

## विक्री तथा निकासी शुल्क दस्तुरको दर

| **क्र. सं.** | **विक्री तथा निकासी हुने बस्तु** | **शुल्क दस्तुर ( रकम रु)** | **कैफियत** |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री : | | |
| | ढुंगा गिटटी,बालुवा,माटो प्रतिकटटा | ५। | |
| | ढुंगा गिटटी,बालुवा,माटो प्रति घनमिटर | ५०। | |
| | ढुंगा गिटटी,बालुवा,माटो प्रति ढली | ३५०। | |
| | दहत्तर बहत्तर एकमुष्ठ | १००००। | |
| | काठ दाउरा प्रति ढली(जिल्ला बन कार्यालयको चलानीका आधारमा ) | २००। | |
| | जराजुरी प्रति केजि | १। | |
| | स्लेट प्रतिगोटा | २। | |
| २. | **आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने प्राकृतिक एवं खानीजन्य वस्तुको निकासी प्रति घनफीट :** | | |
| | ढुंगा,गिटटी,बालुवा,माटो प्रतिकटटा | ६। | |
| | ढुंगा,गिटटी,बालुवा,माटो प्रति घनमिटर | ६०। | |

| | | | |
|---|---|---|---|
| | ढुंगा  गिटटी,बालुवा,माटो प्रति ढली | ४२५। | |
| | काठ दाउरा प्रति ढली(जिल्ला बन कार्यालयको चलानीका आधारमा ) | २४०। | |
| | जराजुरी प्रति केजि | १। | |
| | स्लेट प्रतिगोटा | २। | |
| | रागा भैंसी निकासी प्रतिगोटा | ५००। | |
| | पाठा बाखा निकासी | ५०। | |

## आम्दानीका श्रोतका आधारमा निम्न अनुसार आन्तरिक आमदानी प्रक्षेपण गरियो ।

| आय शिर्षकको नाम | आर्थिक बबर्ष २०७४।७५ को रु हजारमा | आर्थिक बर्ष २०७५।७६ को रु हजारमा | आर्थिक बर्ष २०७६।७७ को रु हजारमा |
|---|---|---|---|
| सम्पत्ति कर | ० | २५०० | ७०० |
| घरबहाल कर | ५७ | ९० | ६६७ |
| घर जग्गा रजिष्टेशन | ० | १००० | ११०० |
| सवारी साधन कर | ० | ० | ३ |
| पर्यटन शुल्क | ० | ० | २० |
| भुमिकर(मालपोत) | ५३७ | ० | ० |
| बिज्ञापन कर | ० | ० | २० |
| मनोरन्जन कर | ० | ० | २० |
| ब्यबसाय कर | ५२८ | ३३५ | १२०० |
| बिक्रि कर | ४५ | ० | १०० |
| सेवाशुल्क तथा दण्ड जरीबाना दस्तुर | १७२४ | ४७६ | ५०० |
| अघिल्लो आर्थिक बर्षको | १३१४ | ० | ० |
| अन्य आय | ० | १२१५ | २००० |
| **जम्मा** | **४२०५** | **५६१६** | **६३३०** |

## राजश्व बांडफांड आमदानी रु हजारमा

| आय शिर्षकको नाम | आर्थिक बबर्ष २०७४।७५ को रु हजारमा | आर्थिक बर्ष २०७५।७६ को रु हजारमा | आर्थिक बर्ष २०७६।७७ को रु हजारमा |
|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त हुने | ० | ६५५२९ | ७७६०० |
| प्रदेश सरकारबाट प्राप्त हुने | ० | २००९ | २१३५ |

## अनुदान रु हजारमा

| आय शिर्षकको नाम | आर्थिक बबर्ष २०७४।७५ को रु हजारमा | आर्थिक बर्ष २०७५।७६ को रु हजारमा | आर्थिक बर्ष २०७६।७७ को रु हजारमा |
|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त हुने बित्तीय समानीकरण अनुदान | १८५३७७ | १३०००० | १२९७०० |
| संघद्धारा दिइने शशर्त अनुदान | १७७९८२ | २२८०२८ | २११५०० |
| संघद्धारा दिइने समपुरक अनुदान | ० | २४२४८० | ० |
| संघद्धारा दिइने बिशेष अनुदान | ० | ० | ० |
| प्रदेश सरकारद्धारा दिइनेबित्तीय समानीकरण अनुदान | १६५ | ६८९२ | ६८५१ |
| प्रदेश सरकारद्धारा दिइने शशर्त अनुदान | ० | ० | ० |
| प्रदेश सरकारद्धारा दिइने समपुरक अनुदान | ० | ० | ० |
| प्रदेश सरकारद्धारा दिइने बिशेष अनुदान | ० | ० | ० |

## ऋण आमदानी रु हजारमा

| आय शिर्षकको नाम | आर्थिक बबर्ष २०७४।७५ को रु हजारमा | आर्थिक बर्ष २०७५।७६ को रु हजारमा | आर्थिक बर्ष २०७६।७७ को रु हजारमा |
|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त हुने | ० | ० | ० |
| प्रदेश सरकारबाट प्राप्त हुने | ० | ० | ० |
| **कुल जम्मा** | **३६७७२९** | **४३८०७४** | **४३४११६** |